# टीकापुर नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
### टिकापुर, कैलाली
**(प्रथम पटक प्रकाशन मिति :२०७६।०८।०८ गते)**

यस कार्यालयको लागी आ.व.२०७६/०७७ मा आवश्यक पर्ने तपसिलमा उल्लेख भए बमोजिमको मालसामानहरु सिलबन्दी दरभाउपत्रद्वारा खरिद गर्नुपर्ने भएकोले इजाजत प्राप्त ईच्छुक व्यक्ति, फर्म, कम्पनी वा संस्थाहरुबाट देहाय बमोजिमको शर्तहरुको अधिनमा रही रितपूर्वकको शिलबन्दी दरभाउपत्र पेश गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ ।

**शर्तहरु :**

१) दरभाउपत्र फारम खरिद गर्न ईच्छुक फर्म, उद्योग, कम्पनी वा संस्थाहरुले प्रथम पटक सूचना प्रकाशित भएको मितिले १५ औं दिन सम्म कार्यालय समय भित्र चालु आ.व.को लागी नविकरण भएको फर्म दर्ता प्रमाण पत्र, स्थायी लेखा दर्ता प्रमाण पत्र, मू.अ.कर दर्ता प्रमाण पत्र एवं आ.व.२०७५/०७६ को कर चुक्ता प्रमाण पत्र र सम्वन्धित मालसामानहरु जुनसुकै सरकारी निकायमा आपुर्ति गरेको कम्तीमा ३ वटा प्रमाणपत्रको प्रमाणित प्रतिलिपीहरु संलग्न राखी लिखित निवेदन पेश गरी रु.१,०००।- राजश्व दस्तुर (फिर्ता नहुने गरी) बुझाई यस टीकापुर नगर कार्यपालिकाको कार्यालय, टीकापुर, कैलालीबाट खरिद गर्न सकिनेछ ।

२) खरिद गरिएको शिलबन्दी दरभाउपत्र फारम प्रथम पटक सूचना प्रकाशित भएको मितिले १६औं दिनको १२:०० बजे भित्र यस कार्यालयको नाममा सम्वोधन गरी शिलबन्दी दरभाउपत्र फारम पेश गर्नेको नाम, ठेगाना र फोन नं.उल्लेख गरी सहिछाप गरी शिलबन्दी लाहाछाप लगाई खामको बाहिर कामको विवरण, ठेक्का नं.समेत उल्लेख गरी यस नगर कार्यपालिकाको कार्यालयमा तोकिएको समय भित्रै दर्ता गराई सक्नुपर्नेछ । शिलबन्दी दरभाउपत्र खरिद गर्ने तथा पेश गर्ने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा सो कार्यहरु क्रमशः कार्यालय खुलेको अर्को दिन हुनेछ । सो शिलबन्दी दरभाउपत्र दर्ता गर्ने अन्तिम दिन दिउँसो २:०० बजे विभिन्न कार्यालयका प्रतिनिधी र दरभाउपत्रदाता वा निजहरुले अख्तियारीनामा दिई पठाएका प्रतिनिधीको रोहवरमा खोलिने छ । दरभाउपत्रदाता वा निजको प्रतिनिधी उपस्थित नभए पनी दरभाउपत्र खोल्न बाधा पर्ने छैन ।

३) दरभाउपत्रदाताले खरिद कारवाहीमा भाग लिन दरभाउपत्रका साथमा स्वघोषणा र बैंक जमानत वा जमानत वापतको रकम नेपाल बैंक लिमिटेड, टीकापुर शाखा, कैलालीमा रहेको धरौटी खाता नं.१०७०३०००००००३०००००२ मा दाखिला गरेको सक्कलै बैंक भौचर पेश गर्नु पर्नेछ ।

४) शिलबन्दी दरभाउपत्र सम्वन्धी सम्पूर्ण कुराहरु यसमा लेखिएको बमोजिम, दरभाउपत्र कागजातमा लेखीए वमोजीम र उल्लेख नभएका हकमा सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ तथा नेपाल सरकारका अन्य ऐन, नियमहरु बमोजिम हुनेछन् ।

५) शिलबन्दी दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहने छ ।

६) दरभाउपत्र सम्वन्धी अन्य कुरा बुझ्नु परेमा यस कार्यालयको जिन्सी उपशाखामा कार्यालय समय भित्र सम्पर्क राखी बुझ्न सकिने छ ।

**तपसिल :**

| क्र.सं. | शिलबन्दी दरभाउपत्र नं. | कामको विवरण | जमानत रकम | कैफियत |
|---|---|---|---|---|
| १ | २४-२०७६/०७७ | कम्प्युटर, प्रिन्टर, ल्यापटप एवं पेनड्राभ लगायतका मेशिनरी औजारहरुको आपुर्ति | ४००००।- | |
| २ | २५-२०७६/०७७ | मसलन्द तथा कार्यालय सञ्चालन सम्वन्धी सामग्री | ३१०००।- | |

प्रमुख प्रशासकिय अधिकृत